# धारा विकास – कसरी ?

धारा विकास कार्यक्रमको मुख्य उद्देश्य नै धाराको पानीको मात्रा बढाउनु हो। यसको निम्ति धैरै भन्दा धैरै मात्रामा आकाशबाट परेको पानीलाई जमीनभित्र पस्ने उपायहरू लगाउनु पर्छ। क्रम अनुसारले तल दिइएको कुराहरू ध्यानमा राख्न पर्नेछ।

## धाराको श्रोत स्थानको निरिक्षण-

धाराको माथी पर्ने जमीनको राम्रो निरिक्षण गर्न पर्नेछ।

त्यसको ढाल आकार अनि क्षेत्रफलको अनुमान लगाउन एउटा मुख्य कार्य हो।

त्यसैको आधारमा नै धारा विकास योजना बनाउन पर्नेछ।

सो योजना एन. आर. इ. जी. ए. (नरेगा) –को माध्यमबाट लागु हुनेछ।





## खाडल खन्न (Trenching)

आकाशको पानीलाई जमीनभित्र पसाउने एउटा राम्रो उपाय हो धाराको श्रोत स्थानमा खाडलहरू बनाउन।

जमीनको ढालको हिसाबले कतिवटा अनि कुन प्रकारको खाडल बनाउन सकिन्छ त्यो जाँच-बुझ गर्नपर्छ।

यी खाडलहरूले पानीको गतिलाई ढीलो गराऊँछ अनि माटोमा बिस्तारैसंग फिजाऊँछ।



## वृक्ष रोपण

धाराको विकास गर्नलाई त्यसको श्रोत स्थानमा वृक्ष रोपण गर्न जरूरी छ। वृक्षहरूमा फलदिने रूखहरू अथवा जमीनको मालिकको आय श्रोत बढाउने प्रकारको बिरूवाहरू लगाउन सकिन्छ।

GoS

WWF for a living planet